# अर्थ मन्त्रालयसँग सम्वन्धित सार्वजनिक विवरण

## सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) को प्रयोजनार्थ

## (२०७६ माघदेखि चैत्र मसान्तसम्म)



अर्थ मन्त्रालय

सिंहदरवार

चैत्र, २०७६

**www.mof.gov.np**

## १. अर्थ मन्त्रालयको परिचय र उद्देश्यः

### पृष्ठभूमिः

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक, समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकासका क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व संकलन, वैदेशिक सहायता व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्ग तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा र पूँजी बजारको व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीतिको तर्जुमा र कार्यान्वयन गर्ने कार्य अर्थ मन्त्रालय मातहत रहेको छ। साथै वित्तीय संघीयताको सफल कार्यान्वयनको क्रममा संघ, प्रदेश तथा स्थानीय तहको संविधान प्रदत्त अधिकारको कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको परिचालन, राजस्व तथा रोयल्टी बाँडफाँड र अन्तर सरकारी वित्त हस्तान्तरणको व्यवस्थापनको विषय पनि यस मन्त्रालयले हेर्ने गर्दछ। वित्तीय नीति मार्फत अर्थ मन्त्रालयले मुलुकको सम्पूर्ण आर्थिक क्षेत्रलाई गतिशील वनाउने भूमिका समेत खेल्दै आएको छ।

### दीर्घकालीन सोच :

सबल वित्तीय र आर्थिक व्यवस्थापनको माध्यमबाट समग्र अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्याय सहितको समृद्ध अर्थतन्त्र निर्माण गर्ने।

### उद्देश्यः

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

### रणनीतिः

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वाताबरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने।
- करयोग्य सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउँदै कर छली तथा चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउने।
- अनावश्यक, मानव स्वास्थ्यलाई नोक्सान पुऱ्याउने तथा वातावरण ह्रास गराउने वस्तुको आयात निरुत्साहित एवं निर्यात प्रबर्द्धन गर्ने।
- दक्ष, व्यवसायिक, स्वच्छ, सुदृढ एवम् करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई कर सहभागिता अभिवृद्धि गर्ने।
- गैरकर राजस्वका दरहरूलाई समसामयिक, लागत प्रभावी र पारदर्शी बनाई थप राजस्व परिचालन गर्ने।
- प्राथमिकता प्राप्त क्षेत्रहरुको लागि प्रभावकारी र न्यायोचित रुपमा साधनको बाँडफाँड गर्ने नीति अवलम्वन गर्ने।

- वित्तीय संस्था र वित्तीय उपकरणहरुको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- निजीकरण भएका संस्थानको कार्यकुशलता अनुगमन गर्दै सरकारी स्वामित्वमा सञ्चालनमा रहेका संस्थानहरुको व्यवसायिक सञ्चालन गर्ने।
- पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक क्षेत्रका कर्मचारीहरुको लागि उत्प्रेरणामुखी र धान्न सकिने उपयुक्त तलबमान एवं सुविधा प्रणाली कायम गर्ने।
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने।
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानुनी व्यवस्था गर्ने।
- वैदेशिक सहायताबाट प्राप्त स्रोतहरुको व्यवस्थापनको लागि प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने।
- सार्वजनिक र निजीक्षेत्रको लगानी तथा विकासमा परिपुरक सम्वन्ध स्थापित हुने गरी समग्र आर्थिक विकासमा अनुकूल वातावरणको सिर्जना गर्ने।
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहवीच आर्थिक नीति, लगानी, ऋण व्यवस्थापन, राजस्व बाँडफाँड र अनुदानको विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने।
- सार्वजनिक (आन्तरिक तथा वाह्य) ऋण परिचालनलाई मुलुकको राष्ट्रिय प्राथमिकता, ऋण तिर्न सक्ने क्षमता विकास र समग्र आर्थिक वृद्धिमा योगदानका आधारमा परिचालन गर्ने।

**२. अर्थ मन्त्रालयको कार्यक्षेत्र**


**नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:**

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्तसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँड, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरतासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति,
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धि नीति, कानुन, समन्वय र नियमन,
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्गसम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क र समन्वय,
- वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,

- संघीय सञ्चित कोष वा संघीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष,
- वजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- संघ, प्रदेश र स्थानीय तहको आन्तरीक र वैदेशिक ऋण एवं अनुदानसम्बन्धी नीति, कानुन र नियमन,
- तलव भत्ता उपदान निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्वसम्बन्धी विषय,
- संघ प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धि नीति कानुन र मापदण्ड,
- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्वसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको संचालन र सुदृढीकरण,
- सार्वजनिक खर्चसम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधिसम्बन्धि नीति कानुन मापदण्ड, कार्यान्वयन र नियमन,
- मूल्य नीति,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- संघ प्रदेश र स्थानीय तहबिच वित्तीय हस्तान्तरणसम्बन्धी नीति, कानुन, कार्यान्वयन, समन्वय र नियमन,
- संघीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पति,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवा शुल्क दस्तुर लगायतका सेवा शुल्कहरुको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँड,
- कर तथा भन्सार राजस्वसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्वसम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- बिमासम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- संघ प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँड सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यान्वयन,
- राजस्व चुहावट नियन्त्रण,
- महालेखापरीक्षकको कार्यालय,
- राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोग,
- निक्षेप तथा कर्जा सुरक्षण कोष,
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासन सम्बन्धि तालिम अध्ययन र अनुसन्धान,

- कर्मचारी सञ्चय कोष,
- नागरिक लगानी कोष,
- अवकास कोष,
- सार्वजनिक संस्थानहरु र निजीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड अनुगमन र नियमन,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी, आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

### ३. अर्थ मन्त्रालयको संगठनात्मक संरचना:



## अर्थ मन्त्रालयको दरवन्दी तेरिज

| क्रम | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरवन्दी | थप | घट | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | प्रशासन | | २ | ० | ० | २ | |
| २ | सहसचिव | रा.प.प्र. | प्रशासन | सा.प्र. | ७ | १ | ० | ८ | |
| ३ | सहसचिव | रा.प.प्र. | न्याय | कानून | १ | ० | ० | १ | |
| ४ | उपसचिव | रा.प.द्वि. | प्रशासन | राजस्व | २८ | १ | ० | २९ | |
| ५ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | १ | १ | ० | २ | |
| ६ | उपसचिवलेखा | रा.प.द्वि. | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| ७ | उपसचिव | रा.प.द्वि. | न्याय | कानून | १ | ० | ० | १ | |
| ८ | उप सचिव सूचना प्रविधि | रा.प.द्वि. | विविध | | १ | ० | ० | १ | |
| ९ | वरिष्ठ तथ्यांकशास्त्री | रा.प.द्वि. | यो.त. | तथ्याङ्क | १ | ० | ० | १ | |
| १० | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४८ | ० | ० | ४८ | |
| ११ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ३ | ० | ० | ३ | |
| १२ | शाखा अधिकृत | रा.प.तृ. | न्याय | कानून | २ | ० | ० | २ | |
| १३ | तथ्याङ्क अधिकृत | रा.प.तृ. | विविध | तथ्याङ्क | १ | ० | ० | १ | |
| १४ | कम्प्यूटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | २ | ० | ५ | |
| १५ | कम्प्यूटर अधिकृत | रा.प.तृ. | विविध | | ११ | ० | ३ | ८ | |
| १६ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| १७ | अर्थशास्त्री | रा.प.तृ. | विविध | | २ | ० | ० | २ | |
| १८ | पुस्तकालय अधिकृत | रा.प.तृ. | शिक्षा | पु.विज्ञान | १ | ० | ० | १ | |
| १९ | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | राजस्व | २० | ४ | ० | २४ | |
| २० | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ३ | ० | ० | ३ | |
| २१ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | २ | १ | ० | ३ | |
| २२ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र.प्रा. | विविध | | ३ | ५ | ० | ८ | |
| २३ | सि.प्लम्वर | रा.प.अनं.प्रथम | इन्जि. | इले. | १ | ० | १ | ० | |
| २४ | सि.अफसेटप्रेसम्यान | रा.प.अनं.प्रथम | शिक्षा | मुद्रण | १ | ० | ० | १ | |
| २५ | टेलिफोन अपरेटर | रा.प.अनं.द्वि. | विविध | | १ | ० | ० | १ | |
| २६ | हलुकासवारी चालक | श्रेणीविहिन | | | १५ | ० | ० | १५ | |
| २७ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | २४ | ० | ० | २४ | |
| २८ | गार्ड | श्रेणीविहिन | | | १ | ० | १ | ० | |
| | | | | **जम्मा** | **१८६** | **१५** | **५** | **१९६** | |

**४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः**

(क) माथि उल्लिखित कार्य क्षेत्र अन्तरगतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु।

**५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वरः**

| सि.नं. | सचिवालय र महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | डा. युवराज खतिवडा | ४२११३९० |
| २. | सचिव | श्री शिशिर कुमार ढुङ्गाना | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री रामशरण पुडासैनी | ४२११८०४ |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री धनीराम शर्मा | ४२११८०१ |
| ५. | वित्तीय संघीयता समन्वय महाशखा | सहसचिव श्री केदार प्रसाद पनेरु | ४२११३१६ |
| ६. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री श्रीकृष्ण नेपाल | ४२११३७१ |
| ७. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री यज्ञ प्रसाद ढुंगेल | ४२११३१५ |
| ८. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री यम लाल भुसाल | ४२११३२६ |
| ९. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री उदयराज सापकोटा | ४२११८१३ |
| १०. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव श्री झक्क प्रसाद आचार्य | ४२११३७७ |
| ११. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री उत्तरकुमार खत्री | ४२००४१८ |
| १२. | प्रशासन महाशाखा | सहसचिव श्री बावुराम भण्डारी | ४२११३०० |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**

**(क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर**

- **सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।**
- **सामान्य आकारको (आठ दशमल तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ।**
- **दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।**
  - ✓ सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ लाग्नेछ।
  - ✓ माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन।
  - ✓ डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर लाग्नेछ।

- ✓ कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- ✓ सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन।
- ✓ प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- ✓ मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ।
- ✓ अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन।

**(ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका**

- ➢ नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिनेछ।
- ➢ कुनै बैंकमा जम्मा गर्न लगाई सोको भौचर पेश गर्न लगाउन सकिनेछ।
- ➢ सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिनेछ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

- ➢ सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाईएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।
- ➢ अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

- ➢ **मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः**
  - सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।
- ➢ **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**
  - सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- ➢ मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमाः
- ➢ मन्त्रिपरिषदमा प्रस्ताव पठाएर

- मानननीय अर्थ मन्त्रीस्तरबाट
- अर्थ सचिवस्तरबाट
- सचिव(राजस्व) स्तरबाट
- माननीय अर्थ मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएका कामहरु।
- सचिवले प्रत्यायोजन गरेको अधिकार वमोजिम तोकिएको कर्मचारीले।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा अर्थ सचिवले।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

क) अर्थ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः
(प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम)

ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमाः
(राष्ट्रिय सूचना आयोग)

**९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः**

**९.१ आर्थिक बर्ष २०७६/७७ को बजेट**

नेपाल सरकारको कूल बजेट रु. १५ खर्व ३२ अर्व ९६ करोड ७१ लाख मध्ये चालु खर्च तर्फ रु. ९ खर्व ५७ अर्व १० करोड १४ लाख, पूँजीगततर्फ रु. ४ खर्व ८ अर्व ५९ लाख, र वित्तीय व्यवस्थातर्फ रु. १ खर्व ६७ अर्व ८५ करोड ९८ लाख रहेको छ।

**९.२ सार्वजनिक खर्च व्यवस्थापन**

चालू आर्थिक वर्षको श्रावणदेखि चैत्र मसान्तसम्मको बजेट खर्चको प्रारम्भिक विवरण निम्नानुसार रहेको छ।

- **कुल खर्च रु.६७४ अर्व ८५ करोड ७१ लाख, गत वर्षको तुलनामा ०.०८ प्रतिशतले बृद्धि,**
  - चालु खर्च रु.४९५ अर्व ३९ करोड ६० लाख गत आ.व.को तुलनामा ६.२९ प्रतिशतले बृद्धि,
  - पूंजीगत खर्च रु.१०५ अर्व २२ करोड ४५ लाख गत आ.व.को तुलनामा ३.९० प्रतिशतले घटी
  - वित्तीय व्यवस्था रु.७४ अर्व २३ करोड ६४ लाख गत आ.व.को तुलनामा ५९.८५ प्रतिशतले बृद्धि,

**९.३ आर्थिक वर्ष २०७६/०७७ को वजेट समर्पण (Surrender) सम्बन्धी विवरण:**

| सि.नं. | कार्यालयको नाम | समर्पण रकम रु। |
|---|---|---|
| १ | राष्ट्रपतिको कार्यालयबाट | ९ करोड ५० लाख |
| २ | परराष्ट्र मन्त्रालयबाट | ३५ करोड ९१लाख ६५ हजार |
| ३ | रक्षा मन्त्रालय (फास्ट ट्र्याक तर्फ) | २अर्व ८३ करोड ६६लाख ५२ हजार |
| ४ | रक्षा मन्त्रालय (जम्मा) | ५ करोड ६१ लाख २३ हजार २३१ |
| ५ | उर्जा जलश्रोत तथा सिचाइ मन्त्रालय | ५१ करोड ५७ लाख ९२ हजार ५६० |
| ६ | उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय | ७२ करोड ६२ लाख ५० हजार |
| ७ | महिला बालबालिका मन्त्रालयबाट | ५० लाख |
| ८ | निर्वाचन आयोग | २० करोड ३१ लाख |
| ९ | राष्ट्रिय प्रकृतिक स्रोत तथा वित्त आयोगबाट | १ करोड |
| १० | PEFA बाट (सार्वजनिक खर्च वित्तीय उत्तरदायित्वको सचिवालय) | ९९ लाख ६२ हजार |
| **कुल जम्मा** | | **४ अर्व ८१ करोड ७० लाख ४४ हजार ७९१** |

**९.४ राजश्व परिचालनको अवस्था**

- आ.ब.२०७६/०७७ को लागि चैत्र मसान्तसम्म रु ७ खर्ब ९४ अर्ब ८७ करोड राजस्व लक्ष्य तोकिएकोमा यस अवधिसम्म रु ६ खर्ब २३ अर्ब ८ करोड राजस्व प्राप्त भएको । यो राजस्व प्राप्ति चैत्रमहिनासम्मको राजस्व लक्ष्यको ७८.३९ प्रतिशत हो । चैत्रसम्मको राजस्वको बृद्धिदर गत बर्षको तुलनामा ५.८ प्रतिशत रहेको छ।
- कर राजस्व तर्फ चालु आ.ब.को चैत्र मसान्तसम्म रु ७ खर्ब २५ अर्ब ६८ करोड संकलन गर्ने लक्ष्य राखिएकोमा रु ५ खर्ब ३९ अर्ब ५३ करोड संकलन भएको छ । बार्षिक लक्ष्यको तुलनामा यो संकलन ५३.४६ प्रतिशत हुन आउछ । यो राजस्व प्राप्ति चैत्रमहिनासम्मको कर राजस्व लक्ष्यको ७४.३५ प्रतिशत हो । चैत्रसम्मको कर राजस्वको बृद्धिदर गत बर्षको तुलनामा १.८९ प्रतिशत रहेको छ।

- गैरकर राजस्व तर्फ चालु आ.ब.को चैत्र मसान्तसम्म रु ६९ अर्ब १८ करोड संकलन गर्ने लक्ष्य राखिएकोमा रु ८३ अर्ब ५४ करोड संकलन भएको छ । बार्षिक लक्ष्यको तुलनामा यो संकलन १२२.६३ प्रतिशत हुन आउछ । यो राजस्व प्राप्ति चैत्र महिनासम्मको गैर कर राजस्व लक्ष्यको १२०.७५ प्रतिशत हो । चैत्रसम्मको गैरकर राजस्वको बृद्धिदर गत बर्षको तुलनामा ४०.६४ प्रतिशत रहेको छ।
- शीर्षकगत राजस्व अनुसार भन्सार महसुल बार्षिक लक्ष्यको तुलनामा ५१.१९ प्रतिशत, मूल्य अभिबृद्धि कर राजस्व तर्फ ५५.६१, अन्तःशुल्क तर्फ ४८.८९, आयकर तर्फ ५६.२३ र गैर कर राजस्व तर्फ ८१.२१ प्रतिशत राजस्व संकलन हासिल भएको छ।
- कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि २०७६ चैत्र ११ गते देखि लकडाउन घोषणा भएको कारणले कर विवरण तथा कर भुक्तानी गर्न असहज हुने भएकाले नेपाल सरकारको निर्णय बमोजिम कर विवरण तथा कर बुझाउने अवधि २०७७ जेष्ठ २५ सम्म थप गरिएको।

## ९.५ बाह्य सहायता परिचालन

**आ.ब. २०७६/०७७ को माघ, फाल्गुण र चैत्र महिनासम्ममा अनुदान सहायता रु.१ अर्ब ९ करोड ९२ लाख र ऋण सहायता ४४ अर्ब ७६ करोड ८ लाख गरी जम्मा ४५ अर्ब ८६ करोडको ७२ लाखको अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिबद्धता प्राप्त भएको छ । यस अन्तर्गतः**

१. १७ जनवरी २०२० (२०७६ माघ ३) मा नेपाल सरकार र बिश्व बैंकवीच Provincial Support Programme का लागि ९.३ मिलियन Swiss Francs (करिब रु. १ अर्ब ९ करोड ९२ लाख) बरावरको अनुदान सहायता प्राप्त गर्ने सम्वन्धी सम्झौतामा हस्ताक्षर भएको ।

२. ६ फेब्रुअरी २०२० (२०७६ माघ २३) मा नेपाल सरकार र बिश्व बैंकवीच Second Additional Financing for Earthquake Housing Reconstruction Project का लागि २०० मिलियन अमेरिकी डलर (करिब रु. २२ अर्ब ८२ करोड) बरावरको ऋण सहायता प्राप्त गर्ने सम्वन्धी सम्झौतामा हस्ताक्षर भएको ।

३. १२ फेब्रुअरी २०२० (२०७६ माघ २९) मा नेपाल सरकार र युरोपियन ईन्भेष्टमेन्ट बैंकवीच Up gradation of Electricity Distribution and Expansion Project का लागि १०० मिलियन युरो (करिब रु. १२ अर्ब ४१ करोड) बरावरको ऋण सहायता प्राप्त गर्ने सम्वन्धी सम्झौतामा हस्ताक्षर भएको ।

४. ३० मार्च २०२० (२०७६ चैत्र १७) मा नेपाल सरकार र बिश्व बैंकवीच Development Policy Financing with a Catastrophe Deferred Drawdown (Cat DDO) का लागि ५० मिलियन अमेरिकी डलर (करिब रु. ६ अर्ब) बरावरको ऋण सहायता प्राप्त गर्ने सम्वन्धी सम्झौतामा हस्ताक्षर भएको ।

५. ७ अप्रिल २०२० (२०७६ चैत्र २५) मा नेपाल सरकार र बिश्व बैंकवीच COVID-19 Emergency Response and Health Systems Preparedness Project का लागि २९ मिलियन अमेरिकी डलर (करिब रु. ३ अर्ब ५३ करोड) बरावरको ऋण सहायता प्राप्त गर्ने सम्वन्धी सम्झौतामा हस्ताक्षर भएको ।

६. मिति २०७६/१२/२८ गते अर्थात अप्रिल १०, २०२० मा माननीय अर्थमन्त्री डा. युवराज खतिवडाको उपस्थितिमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, अन्तर्राष्ट्रिय वित्त निगम, एशियाली पूर्वाधार विकास बैंक जस्ता बहुपक्षीय विकास संस्था लगायत संयुक्त राष्ट्र संघका उच्च पदस्थ पदाधिकारी बीच हालै विश्वभर फैलिएको कोरोना भाईरसले नेपालको अर्थतन्त्र, स्वास्थ्य क्षेत्र र जनजीवनमा पारेको एवं पार्न सक्ने प्रभाव, कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा नेपाल सरकारले हालसम्म चालेका संस्थागत र कार्यक्रमिक कदमहरु तथा नेपालले आगामी दिनमा चाल्नुपर्ने रणनीतिक कदमहरु बारे भिडियो कन्फरेन्स मार्फत छलफल सम्पन्न भएको।

## ९.६ आन्तरिक ऋण

- आर्थिक वर्ष २०७६/७७ मा रु. १ खर्ब ९५ अर्ब आन्तरिक ऋण उठाउने तालिका स्वीकृत गरिएको र २०७६ चैत्र मसान्तसम्म रु. ४ अर्ब ८० करोड ९९ लाख आन्तरिक ऋण उठाइएको छ।

## ९.७ अन्तरसरकारी वित्त व्यवस्थापन (वित्तीय संघीयता)

- प्रदेश तहमा वत्तीय हस्तान्तरण भएको रकम एवं सोको उपयोग र तत् सम्बन्धमा भए गरेका अनुभवका आधारमा वित्तीय संघीयता कार्यान्वयनका सन्दर्भमा देखिएका समस्या एवं चुनौतिहरुका बारेमा बिस्तृत रुपमा छलफल गरी अन्तर सरकारी वित्त परिषदको चौथो बैठकका निर्णयहरु कार्यान्वयन भईरहेको ।

- वित्तीय संघीयता कार्यान्वयन, अन्तर सरकारी वित्त हस्तान्तरण, उपयोग, लेखांङ्कन र प्रतिवेदनका सम्बन्धमा हालसम्मको अभ्यास एवं अनुभवको आधारमा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन,२०७४ स्थानीय सरकार संचालन ऐन,२०७४ लगायत वित्तीय संघीयता कार्यान्वयन संघ सम्बन्धित ऐन नियममा गर्नु पर्ने संशोधनका विषयमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक समन्वय गरी सम्भव भए सम्मका स्थानीय तहहरुको समेत राय सुझाव अर्थ मन्त्रालयमा पठाउने निर्णय भएको।

- खासगरी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयमा कार्यरत जनशक्तिको क्षमता विकास र सूचना प्रविधिको प्रयोग (LMBIS/ PLMBIS लगायतका कम्प्युटर सफ्टवेयर) का सम्बन्धमा अर्थ मन्त्रालयले तयार गरेको सूची बमोजिम तालिम तथा प्रशिक्षण निरन्तर रुपमा संचालन गर्ने गरी व्यवस्था मिलाईएको।

- प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रालयमा सम्पर्क गर्दा आधिकारिक व्यक्तिसंग सोझै सम्पर्क स्थापित गर्ने व्यवस्था मिलाउने र अर्थ मन्त्रालयको वित्तीय संघीयता समन्वय महाशाखामा सम्पर्क गरी समस्याको तत्काल संवोधन गर्ने व्यवस्था मिलाईएको।

- संघबाट प्रदेशमा हस्तान्तरण भएका अधुरा आयोजनाहरुको विद्यमान अवस्था, त्यस्ता आयोजनाहरुलाई निरन्तरता दिनु पर्ने वा नपर्ने सम्बन्धमा औचित्य र निरन्तरता दिनु पर्ने भएमा सो पुरा गर्न लाग्ने समय र लागत समेत स्पष्टरुपमा किटान गरी विस्तृत विवरण अर्थ मन्त्रालयमा पठाउने। साथै,

आगामी आर्थिक वर्ष २०७७/०७८ को वजेट तर्जुमा गर्दा विगतमा सृजित दायित्व फरफारक हुने व्यवस्था लेखी पठाइएको ।

➢ अर्थ मन्त्रालय र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय विचको समन्वय र सहकार्यलाई अझ प्रभावकारी वनाउन प्रत्येक चौमासिकमा बैठक आयोजना गरिएको।

### ९.८ वित्तीय क्षेत्र तथा सार्वजनिक संस्थान व्यवस्थापनः

१. नेपाल रिक्रियसन सेन्टर प्रा.लि. को नाममा रहेको चल्ती खाता नम्बर ०१०००००४६१४८ मा रोक्का राखिएको रकम रु. १,७२,१०,०००।- कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयको खातामा ट्रान्सफर गर्ने कार्यमा सहजीकरण गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंकलाई अनुरोध गरिएको ।

२. गैर बैंकिङ्ग वित्तीय संस्थाहरुको नियमन गर्ने कार्यविधिको मस्यौदा तयार गरी पेश गर्न नेपाल राष्ट्र बैंकलाई अनुरोध गरिएको ।

३. अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र नेपाल बैंकर्स एशोसिएसन बीच मिति २०७६/१०/६ मा बैठक बसी सो बैठकले गरेका "सहुलियतपूर्ण कर्जा र प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गरिने कर्जा कार्यक्रमलाई सबै बैंकहरुले उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने/गराउने, आन्तरिक राजस्व विभाग र बैंक तथा वित्तीय संस्थाहरुमा पेश गरेको विवरणमा अन्तरआवद्धता कायम गर्न हाल कार्यान्वयनमा रहेको सूचना प्रणालीमा सबै बैंकहरुले सहभागिता जनाउने" समेतका निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाईएको ।

४. कृषि विकास बैंकलाई नेपाल सरकारका ३ वटै तहमा सरकारी कारोबार गर्ने स्वीकृतिका लागि सहजीकरण गर्न नेपाल राष्ट्र बैंकमा पठाईएको।

५. मिति २०७६।११।५ मा हेजिङ्ग सम्बन्धी नियमावली, २०७५ संशोधन गरिएको।

६. उखु किसानको बक्यौता रकम भुक्तानी नगर्ने चिनी मिल तथा सोका सञ्चालकहरुको नाममा रहेको बैंक खाता रोक्का गरिदिन नेपाल राष्ट्र बैंकमा लेखि पठाईएको ।

७. कृषि विकास बैंकको कर्मचारी सेवा (अठारौं संशोधन) विनियमावली, २०७६ मा परामर्शका लागि लोक सेवा आयोगमा पठाइएको ।

८. शीतघर तथा खाद्यान्न भण्डारण घर निर्माणमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा विभिन्न वाणिज्य बैंकहरुबाट भएको ऋण लगानीको लागि व्याज वापत तत् तत् वाणिज्य बैंकहरुलाई व्याज भुक्तानी गर्ने प्रयोजनका लागि रु. ६ करोड ८४ लाख नेपाल राष्ट्र बैंकलाई निकासा दिइएको।

९. गोरखकाली रबर उद्योग लि. का अवकाश प्राप्त कर्मचारीको दायित्व भुक्तानीको लागि तेस्रो तथा अन्तिम किस्ता भुक्तानीको लागि रु. ३४ करोड ऋण लगानी गर्ने निर्णय भएको ।

१०. नेपाल धितोपत्र बोर्डबाट संशोधन स्वीकृति माग भई आएका धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन), धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ (तेस्रो संशोधन), धितोपत्र व्यवसायी (मर्चेण्ट बैङ्कर) नियमावली, २०६४ (दोस्रो संशोधन) र सामूहिक लगानी कोष नियमावली, २०६७ (तेस्रो संशोधन) मा स्वीकृति प्रदान गरिएको ।

११. सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (संशोधन सहित) मा व्यवस्था भएको कपडा उद्योगहरुलाई व्याज अनुदान उपलब्ध गराउने सम्बन्धमा द्विविधा भएको भनी

नेपाल कपडा उद्योग संघले निवेदन दिएकोमा सो सम्बन्धमा स्पष्ट पारी उक्त विषयहरु कार्यान्वयनको लागि नेपाल राष्ट्र बैंक र आन्तरिक राजस्व विभागमा पठाइएको ।

१२. माननीय अर्थमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७६/१०/२४ गते बसेको निजीकरण समितिको ९१ औं बैठकले गरेको " नेपाल दूसञ्चार कम्पनी लि. को रणनीतिक साझेदार/सञ्चालक साझेदार भित्र्याउने प्रस्तावमा छलफल हुँदा सार्वजनिक कम्पनीको रुपमा सञ्चालित नेपाल टेलिकम सेवालाई प्रभावकारी, प्रतिष्पर्धी र आधुनिक एवं प्रविधिमैत्री बनाउन निजी क्षेत्रको सहभागितामा सञ्चालनको उपयुक्त माध्यम र त्यसबाट कम्पनीको समग्र व्यवस्थापनमा पर्ने सकारात्मक प्रभावहरु समेत वस्तुगत रुपमा विश्लेषण गरी पठाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाइएको ।

१३. नेपाल सरकारको स्वामित्व भएका संस्थाहरुमा कार्यरत कर्मचारीको सेवा सुविधा सम्बन्धमा देहाय बमोजिम नीतिगत निर्णण भएको:- “अर्थ मन्त्रालयको स्वीकृतिमा कार्यान्वयन भई रहेको नियमावली/विनियमावलीमा नै उल्लेख भएका सेवा सुविधाको हकमा सम्बन्धित संस्थाको सञ्चालक समितिको निर्णयमा नियमावली/विनियमावली बमोजिम सेवा सुविधा प्रदान गर्ने, स्वीकृत नियमावली/विनियमावली संशोधन गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिई कार्यान्वयन गर्ने र स्वीकृत नियमावली/विनियमावलीमा व्यवस्था नभएको तर आर्थिक दायित्व पर्ने बिषयमा अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र कर्मचारीलाई सेवा सुविधा प्रदान गर्ने”। यो निर्णय कार्यान्वयनका लागि सम्बन्धित संस्थानहरुमा पठाईएको ।

१४. कालिमाटी फलफूल तथा तरकारी विकास समिति, कर्मचारी प्रशासन नियमावली, २०७५ को मस्यौदामा राय/सहमति कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको ।

१५. हरिसिद्धि ईट्टा टायल कारखाना, काँचो छाला प्रशोधन तथा संकलन केन्द्र, बालाजु कपडा उद्योग, भृकुटि कागज कारखाना लि., नेपाल बिटुमिन तथा व्यारेल उद्योग लि., रघुपति जुट मिल्स लि., विराटनगर जुट मिल्स लि., नेपाल चिया विकास निगम लि., नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि., भक्तपुर ईट्टा टायल कारखाना लि., कालिमाटी फलफूल तथा तरकारी विकास समिति, कृषि औजार कारखाना लि., नेपाल धितोपत्र बोर्ड, हिमाल सिमेन्ट कम्पनि, बाँसवारी छाला जुत्ता कारखाना, चलचित्र विकास कम्पनि लि., नेपाल स्टक एक्सचेन्ज र बुटवल पावर कम्पनि लि.ले नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सेवा शुल्क, किस्ता, व्याज र हर्जना वापतको रकम दाखिला गर्न सम्बन्धित निकायमा पठाईएको ।

१६. रेडियो नेपालको स्वामित्वमा रहेको खुमलटारस्थित जग्गा मध्ये ६ रोपनी जग्गा प्रचलित मूल्यमा नेपाल धितोपत्र बोर्डलाई उपलब्ध गराउने निर्णय कार्यान्वयनको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाईएको ।

१७. नेपाल चार्टर्ड एकाउण्टेण्ट्स संस्थाको कर्मचारी सेवा शर्त (दोस्रो संशोधन) विनियमावली, २०७६ मा परामर्शका लागि लोक सेवा आयोगमा पठाइएको ।

१८. माननीय अर्थमन्त्रीज्यूको कार्यकक्षमा नेपाल राष्ट्र बैंक, नेपाल बैंकर्स संघ तथा वाणिज्य बैङ्कका प्रमुख कार्यकारी अधिकृतहरुसँग मिति २०७६/११/०५ मा बैठक आयोजना गरिएको तथा सो बैठकमा उठेका विषयहरुको कार्यान्वयनको लागि कार्ययोजना बनाई आवश्यक कार्यार्थ नेपाल राष्ट्र बैंक र नेपाल बैंकर्स संघमा पठाइएको ।

१९. राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०७५/७६ को आयकर अघिको खुद नाफा रु ६,९६,४३,८१,७१४।— को ५ प्रतिशतले हुने रकम रु ३४,८२,१९,०८६।— बोनस नियमावली (सशोंधन सहित), २०३९ को व्यवस्था बमोजिम बोनस वितरण गर्न स्वीकृति प्रदान गरिएको ।

२०. अर्थ मन्त्रालयले वार्षिक रुपमा प्रकाशन गर्ने "सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७७" प्रकाशनको लागि आवश्यक पर्ने वित्तीय विवरण/तथ्याङ्क/सूचनाहरु उपलब्ध गराउने सम्बन्धमा सबै संस्थानहरुका फोकल व्यक्तिहरुलाई अभिमूखीकरण तालिम प्रदान गरिएको ।

२१. निजीकरण समितिको मिति २०७६/१०/२४ मा बसेको ९१ औं बैठकको निर्णय कार्यान्वयनको लागि आवश्यक पर्ने विवरण उपलब्ध गराउन सम्बन्धित निकायमा पठाइएको ।

२२. चालु आ.व.को बजेट वक्तव्यमा उल्लेखित "सरकारी ऋणपत्रको खरिद/विक्रिको लागि अनलाइन प्रणालिको विकास गर्ने" नीति कार्यान्वयनको लागि सरकारी ऋणपत्रको अभौतिकीकरण गर्ने प्रकृया अगाडि बढाउन नेपाल राष्ट्र बैंकमा लेखि पठाईएको ।

२३. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, आर्थिक प्रशासन विनियमावली, २०६६ को पहिलो संशोधन (२०७६) मा स्वीकृति प्रदान गरिएको ।

२४. नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवाशर्त नियमावली, २०६८ मा संशोधन स्वीकृत गरिएको ।

२५. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडलाई शेयर वापत निकासा भएको रकम नेपाल सरकारको विभिन्न निकायको नाममा शेयर कायम गर्न सहमति प्रदान गरिएको ।

### ९.९ कानून तथा कार्यविधि

- राजस्व न्यायाधीकरण सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६ को मस्यौदा तयार गरी सो उपर तर्जुमा सहमतिका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको ।
- आयकर (दशौं संशोधन) नियमावली, २०७६ को मस्यौदा तयार, नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत तथा सो सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गरी सार्वजनिक गरिएको ।
- हेजिङ्ग सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७६ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत तथा सो सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गरी सार्वजनिक गरिएको।
- नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति) नियमहरुको मस्यौदा तयार गरी अग्रिम कारवाहीका लागि पेश गरिएको ।
- नेपाल सरकारले सम्वत् २०७६ फागुन १५ गतेदेखि लागू हुने गरी नेपालमा पैठारी हुने हवाई इन्धन, पेट्रोल र डिजेलमा प्रति लिटर दश रुपैयाँको दरले पूर्वाधार विकास कर लगाई असूल गर्ने निर्णय सम्बन्धी सूचना नेपाल राजपत्रमा प्रकाशन गरी सार्वजनिक गरिएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।१२।१६ को निर्णय अनुसार कोभिड-१९ को सम्भावित संक्रमण रोकथाम, नियन्त्रण र उपचारमा प्रयोग हुने औषधी, स्वास्थ्य सामग्री तथा स्वास्थ्य उपकरण पैठारी गर्दा भन्सार ऐन, २०६४ को नियम २ बमोजिम लाग्ने सम्पूर्ण महसुल छुट दिने तथा आर्थिक ऐन, २०७६ को दफा १९ बमोजिम कर विवरण दाखिला गर्ने, कर दाखिला गर्ने र कर फिर्ताको लागि निवेदन दिने म्याद थप गर्ने सम्बन्धी सूचनाहरु नेपाल राजपत्रमा प्रकाशन गरिएको।

- कोभिड-१९ को विषयलाई लिएर सम्मानित सर्वोच्च अदालतमा दायर भएका ०७६-wo-०९३२, ०७६-wo-०९३३, ०७६-wo-०९३४, ०७६-wo-०९३५, ०७६-wo-०९३६ र ०७६-wo-०९३७ का रिट निवेदनहरु परी विचाराधीन रहेको सन्दर्भमा खाद्य सुरक्षा, रोग नियन्त्रण, शैक्षिक राहत कार्यक्रम, नेपाल सरकारबाट घोषित कार्यक्रमहरुको कार्यान्वयन स्थिति तथा रिट निवेदनमा उठाएका विषयको कार्यान्वयन अवस्थासहितको विषयमा सम्मानित अदालतबाट महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रतिवेदन पेश गर्न भएको आदेशका सम्बन्धमा यस मन्त्रालयसँग सम्बन्धित विषयहरुको कार्यान्वयन अवस्थासहितको प्रतिवेदन तयार गरी पेश गरिएको ।

## ९.१० योजना, अनुगमन तथा मूल्याङ्कन

